
बाल सन्दर्भसामग्री

बाल बोध - २२

# चतुरेको चर्तिकला

कथा सङ्ग्रह



बाल सन्दर्भसामग्री

बाल बोध - २२

# चतुरेको चर्तिकला

(कथा सङ्ग्रह)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

पुनर्लेखन : गोरखबहादुर सिंह

भाषा सम्पादन : गणेशप्रसाद भट्टराई

दृष्टान्त चित्र : श्रीहरि श्रेष्ठ

आवरण : नवीन्द्र राजभण्डारी

कम्प्युटर लेआउट : नन्दमाया सिटौला

© सर्वाधिकार प्रकाशकमा निहित

पहिलो संस्करण : २०५८ वैशाख

# प्राक्कथन

बालकालिकाहरूका ज्ञान, सीप तथा अभिवृत्ति बढाउन, मनोरञ्जन प्रदान गर्न र मानसिक तथा बौद्धिक विकासका लागि सन्दर्भसामग्रीहरू उपलब्ध हुनु अत्यावश्यक ठानिन्छ । यस्ता विविध सन्दर्भसामग्रीहरूले विद्यार्थीहरूलाई लगनशील र अध्ययनशील बनाई पाठ्यपुस्तकमा भएका विषयवस्तु सजिलै ग्रहण गर्न सहयोग पुऱ्याउँछन् । उल्लिखित कुरालाई मनन गरी पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तकका अतिरिक्त अन्य पाठ्यसामग्रीहरू पनि प्रकाशन गर्दै आएको छ ।

विद्यार्थीहरूको सर्वाङ्गीण विकास गराई उनीहरूमा जिज्ञासु प्रवृत्ति र सिर्जनात्मक क्षमता अभिवृद्धि गराउनका लागि सन्दर्भसामग्री निर्माण गर्ने क्रममा पाठ्यक्रम विकास केन्द्रले यो शृङ्खला तयार पारेको हो । हाम्रो देशका अधिकांश बालबालिकाहरूले पाठ्यपुस्तकका अतिरिक्त अन्य सामग्री नगण्य रूपमा मात्र पढ्न पाउने भएकाले पनि यस्ता सामग्री बढी आवश्यक र उपयोगी हुने कुरामा दुईमत हुँदैन ।

यो सामग्री विशेषतः कक्षा चार र पाँचका विद्यार्थीहरूको स्तर हेरी तयार पारिएको छ तापनि परिस्थितिअनुरूप अन्य कक्षाहरूमा पनि उपयोगी हुने अपेक्षा गरिएको छ । प्राथमिक कक्षा भनेको शिक्षाको आधार भएको कुरालाई दृष्टिगत गरी शिक्षकहरूले प्रस्तुत सामग्री विद्यार्थीहरूलाई पढ्ने मौका दिई परस्पर छलफल समेत गराउन सके यसको प्रभावकारिता बढ्नेछ ।

यो सामग्री तयार पार्न सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूलाई पाठ्यक्रम विकास केन्द्र कृतज्ञता व्यक्त गर्दछ, साथै यस सामग्रीका सन्दर्भमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाको हार्दिक स्वागत गर्दछ ।

शिवप्रसाद सत्याल
महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

२०५८

# कथाक्रम


[redacted]

२. दुई रोटीको भागबन्डा ४

[redacted]

४. भालेको मोल ८

[redacted]

६. सहरको ठूलो चोर १३

[redacted]

८. देख्ने अन्धो १९

[redacted]

१०. खेतको पहाड २४


[redacted]

१२. ढुङ्गे झोल ३०

# अचम्मको दाँत

एकपटक चतुरे कामको खोजीमा हिँड्यो । ऊ घुम्दैफिर्दै राजदरबारमा पुग्यो । संयोगवश उसले दरबारमा काम पायो । सजिलै काम पायो, त्यो त राम्रै भयो, तर काम थियो तबेलाको । तबेलाकै भए पनि चतुरेले काम गर्न मन्जुर गऱ्यो किनभने उसले कहिल्यै राजालाई देखेको थिएन । चतुरेको सोचाइ थियो – दरबारमा काम गरे राजालाई सजिलै देख्न पाइन्छ । तर संजोग मिलेन, महिनौं काम गरे पनि उसले राजालाई देख्न पाएन ।

एकपटक चतुरेको दाँत दुख्यो । उसको दाँत दुख्ने रोग अलिक पुरानै थियो । चतुरे दुख्ने दाँत निकाल्ने विचारमा थियो । ऊ दाँत निकाल्न दरबारकै दन्त चिकित्सककहाँ जाँदै थियो । चतुरे दरबारको प्रवेशद्वारमा पुग्यो । त्यसैवेला राजा बाहिरबाट दरबार फर्कँदै थिए ।



राजा पलङ्मा थिए । पलङ्लाई चारजना बलिया मानिसले बोकेका थिए । राजा पलङ्माथि पल्टिएका थिए । बूढा र कमजोर राजालाई देखेर चतुरेको आश्चर्य बाहिरै निस्क्यो, "एहे ! मैले त राजा सुन्दर, बलिया र युवक होलान् भन्ठानेको त यस्तो कमजोर र बूढा पो रहेछन् । राजा यस्ता छन् भन्ने थाहा पाएको भए कसले खान्थ्यो तबेलामा जागिर !"

राजाका पहरेदारले चतुरेको कुरा सुने ।

"हाम्रा राजाको खिल्ली उडाउने आँट कसरी गरिस् ?" राजाका पहरेदारले चतुरेलाई एउटा कोठामा थुनेर भकुर्न थाले ।

"ठीक छ ! तपाईंहरू मलाई जति भकुरे पनि भकुर्नुस् तर खानेकुरा चाहिँ नदिनुहोला ।" – चतुरेले दुवै हात जोड्दै भन्यो ।

"कुट्नु चाहिँ हुन्छ रे, तर खाना भने दिनुहुँदैन रे ।" – चतुरेको कुरा सुनेर राजाका मान्छे आश्चर्यमा परे ।

"किन ? किन दिनुहुँदैन खाना ?" – पहरेदारले सोधे ।

"डाक्टरले भनेका छन्, खाना खायो कि मेरो भुँडी फुट्छ रे । भुँडी फुटेपछि बाँच्ने त कुरै भएन । खाना खानेबित्तिकै मर्ने भएपछि खाना खाने पनि कुरै भएन । दुई वर्ष भयो मैले खाना नखाएको ।"



"हामीलाई उल्लु बनाउन खोजेको ? दुईदुई वर्ष नखाएर कोही जिउँदो रहन सक्छ ?" एकजनाले चतुरेको पिठ्युँमा एक कोर्रा थप्यो ।

"कृपया नरिसाउनुस्, मैले साँचै भनेको छु ।" उसले मुख खोलेर एउटा दाँत देखाउँदै थप्यो– "मलाई यो दाँतले बचाएको छ । यो दाँतमा विचित्र शक्ति छ । यसबाट रस निस्कन्छ र त्यही रसले अघाएर म बाँचेको छु । त्यसैले म हात जोडी बिन्ती गर्छु, यो दाँत पनि नउखेलिदिनुहोला ।"


भनिराख्नुनपर्ला -

छिनभरमै चतुरेका अगाडि थालभरि खाना आयो । उसलाई जबरजस्ती खान लगाइयो । त्यसपछि चतुरेले नउखेल्नु भनेको दाँत पनि उखेलियो ।

"तँ उल्लू रहिछस् चतुरे, उल्लू ! आफ्नो रहस्य आफैँले खोलिस् । अब छिटै तँ उल्लूको भुँडी फुटेर काम तमाम हुँदै छ ।" पहरेदारले भने ।

"मलाई त भोक लागेको थियो, खाना खाएँ, दाँतले दुःख दिएको थियो, दाँत पनि उखेल्न लगाएँ । उल्लू तिमीहरू कि म ?" यति भनेर चतुरे तबेलातिर दौड्यो ।

चतुरे फुर्तीसाथ तबेलामा पुग्यो । तबेलाबाट एउटा घोडा निकाल्यो र त्यसैमा चढेर भाग्यो । एकैछिनमा उसलाई पिछा गरिरहेका राजाका सिपाही चतुरेभन्दा धेरै पछि छुटे किनभने चतुरेले छानेको घोडा तबेलाको सबैभन्दा छिटो दौडने घोडा थियो ।



# दुई रोटीको भागबन्डा



चतुरे सानैदेखि नै चतुर थियो । यो कुरा ऊ स्कुलमा पढ्दै गर्दाको तलको कथाले पनि पुष्टि गर्दछ ।

वैशाख महिनाको कुनै दिन चतुरेलाई स्कुल जानुपर्ने थिएन, स्कुल बिदा थियो । रूखबिरुवामा नयाँ पालुवा पलाएका थिए । काफल र ऐँसेलु पाक्ने महिना थियो, जङ्गल रमाइलो थियो । त्यसैले चतुरे र उसका दुईजना साथीले गाउँ नजिकको जङ्गलमा घुम्न जाने सल्लाह गरे ।

दिउँसो जङ्गलमा घुम्दाघुम्दै ती साथीहरू थाके ।

"मलाई त भोकले पनि सतायो ।" चतुरे भुइँमा पल्ट्यो ।

"यसो भए खाजा खाऊँ न त ! हामीले तीनै जनालाई खाजा पुग्ने दुईओटा रोटी ल्याएका छौं ।" - एकजना साथीले भन्यो ।

"तर रोटी बाँड्ने कसरी, भोका तीन र रोटी दुई ?" साथीले समस्या राखे ।

"तिमीहरूले सिङ्गासिङ्गै खाऊ, मलाई त्यसैबाट आधाआधा देऊ हुँदैन ?" दुवै साथीले मन्जुर गरे ।

तर ती साथीहरूले रोटी खाइसक्दा पनि चतुरेसँग आधा रोटी बाँकी रहेको देखे । त्यसपछि मात्र उनीहरूलाई थाहा भयो सिङ्गो रोटी त उनीहरूलाई होइन चतुरेले पो आफ्नो भागमा पारेछ । उनीहरूलाई रोटी थोरै पाएको भन्दा पनि उल्लू हुनुपरेकाले दु:ख लाग्यो ।

चतुरे अलिक परको झरनामा पानी खान गएको मौका पारी ती दुई साथीले सल्लाह गरे,

"यो चतुरेले हामीलाई उल्लू बनायो । अब हामीले पनि उसका जुत्ता जङ्गलमा लुकाइदिऔँ र उसलाई गाउँ फर्कंदा नाङ्गै खुट्टा हिँड्ने बनाऔँ ।"

यो कुरामा दुवैको सहमति भयो ।

"तर चतुरेलाई कसरी जुत्ता फुकाल्न लगाउने ?" एकजनाले समस्या राख्यो । सल्लाह टुङ्गिने बित्तिकै चतुरे पानी पिएर फर्क्यो । "ए चतुरे भाइ ! तिमी अगाडिको यो काफलको रूखमा चढ्न सक्छौ ?" एकछिनपछि एकजनाले सोध्यो ।

"किन ?" चतुरेले अचम्म मान्यो ।

"खास त केही होइन, मैले भनें तिमी त्यो रूखमा सजिलै चढ्न सक्छौ; मोहन भन्छ तिमी त्यो रूखमा चढ्न सक्दैनौ । हामीले यही कुरामा बाजी थाप्यौं । अब मलाई जिताउने कि मोहनलाई जिताउने तिम्रो हातमा छ ।" उसको साथीले भन्यो ।

"यो चतुरेको त्यो रूखमा चढ्ने ढङ्ग भए जस्तो त लाग्दैन ।" अर्को साथीले उक्साउने प्रयास गऱ्यो ।

"यस्तो रूख त म सजिलै चढ्न सक्छु भन्ने कुरा यी दुवैलाई थाहा छ । तर यिनीहरूले किन मलाई उक्साइरहेका छन् ?" चतुरे अल्मलियो ।

"प्रयास गरौं के हुन्छ ?" तैपनि चतुरे रूख चढ्ने सुरसार गर्न लाग्यो ।

"चतुरे जुत्ता यहीं फुकाल्, हामी राखिदिन्छौं ।" दुईजना साथीले एकैचोटि भने ।

चतुरेलाई लाग्यो साथीको रूख चढ्ने कुरा जुत्तासँग सम्बन्धित हुनुपर्छ । होइन भने दुवै जनाले एकैचोटि जुत्ताको कुरा किन गर्थे ।

"भइहाल्यो तिमीहरूले जुत्ता राख्नुपर्दैन । साथीहरूलाई बेकारमा किन दुःख दिनु ?" चतुरेले जुत्ता फुकालेर खल्तीमा राख्यो र रूखमा चढ्यो ।

चतुरेका साथीहरूले फेरि पनि जिल्लिनुपऱ्यो ।

# मुखियाको ज्वाइँ

एकदिन चतुरे दिनभरि खेतमा काम गरेर निकै थाकेको थियो । त्यसैले साँझ खाना खानेबित्तिकै ऊ सुत्ने कोठामा गयो । चतुरेले बत्ती निभाउनै आँटेको थियो, ढोका ढकढक्याएको आवाज आयो । चतुरेले जाँगर नलागीनलागी ढोका खोल्यो । ढोकाबाहिर एकजना मानिस उभिएको थियो । त्यो ढोकाबाहिर उभिएको मानिसले भन्यो, "मलाई आज एक रात बास दिनुहोस्, मेरो घर टाढा छ, म अब धेरै हिँड्न सक्दिनँ ।"

"तर बुबा म पनि दिभरिको कामले साह्रै थोकेको छु, म त सुत्नै आँटेको थिएँ । मेरी श्रीमती पनि घरमा छैनन् । त्यसैले हुन्छ भने छिमेकका घरतिर बास खोज्दा राम्रो होला ?" चतुरेले नम्र भएर भन्यो ।

"त्यसो नगर बाबु ! म बूढो मान्छेलाई अब कहाँ दुःख दिन्छौ ? मलाई एक छाक खाना र बास यहीं मिलाऊ बाबु !" - ती बृद्धले नम्र भएर भने ।

चतुरे थाकेको भए पनि त्यसपछि आनाकानी गरेन - "ठीक छ, तपाईं साँझको पाहुना, दुःखसुख गरौंला, भित्र आएर बस्नुस् ।"



चतुरेले ती बास माग्ने मानिसलाई लगेर आफ्नै कोठामा राख्दै भन्यो, "बुबा तपाईं आराम गर्दै गर्नुस्, म तपाईंलाई खाना बनाउन जान्छु ।" उसले न्यानो कम्बल ओढ्न दियो ।

"ठीक छ ! खाना राम्रो बनाउन्; मलाई मीठो खाना खुवायौ भने तिम्रै लागि राम्रो हुनेछ, किनभने तिमी बसेको यो गाउँका मुखिया मेरा ससुरा हुन् । तिमीले मलाई यसै पनि बास दिनै पर्थ्यो ।"

चतुरेलाई बास माग्नेको कुरा चित्तबुझ्दो लागेन । एक त चतुरेलाई

बास दिनै पर्‍यो भन्ने कुरा मन परेन, अर्को मीठो खाना बनाऊ भन्ने आदेश पनि ठीक लागेन । ऊ मुखियाको ज्वाइँ भएको कुरामा पनि उसलाई विश्वास लागेन ।



तर यी मन नपरेका र विश्वास नलागेका कुरालाई मनभित्रै राखेर चतुरेले भन्यो, “ठीक छ तपाईं मुखियाको ज्वाइँ हुनुहुँदो रहेछ, म तपाईंलाई राम्रो बासको व्यवस्था मिलाउँछु । बरु एकछिन पर्खनोस् ।”

चतुरे आफ्नो कोठामा गयो र कपडा लगाएर बाहिर निस्क्यो ।

“ल मेरो पछिपछि आउनुस् ।” चतुरे अघिअघि ज्वाइँ पाहुना पछिपछि लागे । तिनीहरूले गाउँको गोरेटो बाटो नाप्न थाले ।

“हैन हामी कहाँ जाँदै छौ ?” अलिक पर पुगेपछि पाहुनाले सोध्यो ।

“आत्तिनु पर्दैन, तपाईंलाई राम्रो गाँसबासको व्यवस्था भएको ठाउँमा लैजाँदै छु ।” चतुरेले जवाफ दियो ।


मीठो खाना र आरामदायी बासको कल्पनामा हराउँदै ज्वाइँ पाहुना चतुरेलाई पछ्याउँदै गयो ।

केही बेरपछि तिनीहरू एउटा ठूलो घरको आँगनमा पुगे ।

“यो घर हाम्रा मुखियाको घर हो, अर्थात् तपाईंको भनाइअनुसार तपाईंको ससुराली घर । तपाईंलाई मेरो घरमा बस्नुभन्दा आफ्नै ससुरालीमा बस्नु राम्रो र सुविधायुक्त होला भनेर यहाँ पुऱ्याइदिएको ।” यति भनेर चतुरे फटाफट आफ्नो घरतिर लाग्यो ।

बिचरो त्यो ज्वाइँ भनाउँदो चतुरे ओझेल भएपछि बास खोज्न फेरि गाउँ चहार्न थाल्यो ।

# भालेको मोल




कुनै गाउँमा जैमाने नाम गरेको एउटा ठिटो थियो । एकपटक ऊ कामको खोजीमा नजिकैको बजारमा पुग्यो । जैमाने बजार पुगेर काम खोज्दै धेरै ठाउँ पुग्यो, तर काम पाएन ।

"यो सानो ठाउँमा के काम पाइन्थ्यो ?" ऊ काठमाडौं पुग्यो ।

काठमाडौं पुग्दा उसका खल्ती र पेट दुवै रित्तिएका थिए । भोकले साह्रै सताएपछि जे पर्लापर्ला भन्दै ऊ एउटा होटेलमा पस्यो ।

होटेलमा जैमानेले दुईओटा उसिनेको अन्डा, केही पाउरोटी र चिया मगाएर खायो । जैमानेले भोक त मेट्यो तर उसँग तिर्ने पैसा थिएन । त्यसैले पसलका मानिसको आँखा छलेर ऊ लुसुक्क बाहिर निस्कयो र फटाफट आफ्नो बाटो लाग्यो ।



केही दिनको दौडधुपपछि जैमानेले एउटा ससानो उद्योगमा काम पायो । ऊ मेहनती र सिपालु थियो, राम्ररी काम गर्दै गयो । वर्षदिन बित्दानबित्दै उसले केही पैसा जम्मा गऱ्यो । उसले त्यस वर्षको दसैंमा गाउँ पुगेर बाबुआमालाई भेट्ने विचार गऱ्यो ।

"साहुजी ! यो पच्चीस रुपैयाँ लिनुस् । वर्षदिन पहिले म तपाईंकहाँ आएर दुईओटा अन्डा, केही पाउरोटी र चिया खाएको

थिएँ । त्यतिबेला मसँग पैसा थिएन, त्यसैले पैसा तिर्न सकेको थिइनँ । ल पैसा लिनुस् ।"




गाउँतिर हिँड्नुभन्दा पहिले जैमाने होटेलमा पुग्यो । पहिले खाएर पैसा नतिरेको जैमानेलाई पटक्कै मन परेको थिएन ।

जैमानेको इमानदारिता देखेर साहुले अचम्म मान्यो । "यसरी वर्षदिन पहिलेको पैसा तिर्न आउने मानिस पक्कै पनि बुद्धु हुनुपर्छ ।" साहुले साच्यो ।

एकछिनपछि साहुले भन्यो, "हेर भाइ ! चिया र पाउरोटीको त कुरा नगरौँ तर अन्डाको कुरा गर्दा दुईओटा अन्डाबाट दुईओटा भाले निस्कन सक्थे । वर्षदिनमा ती भाले कम्तीमा पनि पाँच सयका हुन्थे । त्यसैले दुईओटै भालेको नभए पनि तिमीले एउटा भालेको पैसा तिर्नुपर्छ ।"

जैमाने अत्ताल्लियो "दुईओटा अन्डाको मोल दुईसय पचास ?" साहु र जैमानेको वादविवाद चल्यो । साहु दुईसय दिनै पर्छ भन्थ्यो; जैमाने "पच्चीस रुपैयाँ नै धेरै छ, मैले त वर्षदिन भएकाले थपेर दिएको भन्थ्यो ।

जैमानेको भाग्य भनौँ कि संजोग तिनीहरूको वादविवाद चर्किरहेका वेला चतुरे त्यहीँ चिया पिउँदै थियो । उनीहरूको विवाद देखेर चतुरेले साहुलाई भन्यो "साहुजी तपाईंलाई यो पैसा र भालेको मोल म तिर्छु, हुन्छ ?"

चतुरेको कुरा साहुले मन्जुर गऱ्यो ।

"तर आज छैन भोलि ल्याइदिन्छु ।" चतुरे वेलावेला त्यो होटेलमा चिया पिउन आउँथ्यो । त्यसैले चतुरेको दोस्रो प्रस्ताव पनि साहुले मन्जुर गऱ्यो । चतुरेले जैमानेको पच्चीस रुपैयाँ जैमानेलाई नै फिर्ता दियो । जैमाने पनि आफ्नो बाटो लाग्यो ।



दोस्रो दिन चिया पिउन आउँदा जैमानेले सानोसानो पोको साहुलाई दिँदै भन्यो, “ल लेऊ तिम्रो हिजोको ठिटाले वर्ष दिन पहिले खाएको अन्डाबाट निस्कने कुखुराको भालेको मोल ।”

साहुले पोको खोलेर हेर्‍यो । त्यहाँ उसिनेको मकै थियो । साहुले आश्चर्य मान्दै र केही झर्कँदै सोध्यो, “यो के दिएको चतुरे तिमीले ?”

“यो मकैको बिउ हो । साहुजी, यो मकैको बिउ छर, यसबाट फलेको मकै बेच, कम्तीमा पनि पाँचसय पाउनेछौ । यसरी तिमीले अन्डाबाट निस्केका एउटाको मात्र होइन दुईओटै भालेको मोल पाउने छौ ।” चतुरेले भन्यो ।

‘तिमीलाई उसिनेको मकै उम्रँदैन भन्ने पनि थाहा छैन ।” साहुले भन्यो ।

‘उसिनेको अन्डाबाट भाले निस्कन्छ भने उसिनेको मकै पनि उम्रन्छ साहुजी ।” साहुले चतुरेको चलाखी बुझ्यो । उसले चतुरेलाई केही जवाफ दिन सकेन ।

‘भइहाल्यो त्यो ठिटाले दिएको पच्चीस रुपैयाँ त देऊ ।” केही बेरपछि साहुले भन्यो ।

‘एउटा इमानदार मान्छेलाई ठग्न खोजेकाले त्यो पच्चीस रुपैयाँ तिमीलाई जरिमाना ।”

यति भनेर चतुरे आफ्नो बाटो लाग्यो ।

# काका ! म तपाईंप्रति आभारी छु

एकदिन चतुरेका छिमेकी काकाले चतुरेलाई बोलाएर भने "ए चतुरे ! सिरुटारका ज्वाइँलाई एउटा चिठी लेखिदेऊ त एउटा सल्लाह माग्नु छ ।" त्यतिवेला पढेलेखेका मान्छे थोरै थिए । चतुरे पनि ती थोरै पढेलेखेकामध्ये एकजना थियो ।



काका लेख्नुपर्ने कुरा बताउँदै गए चतुरेले चिठी लेख्दै गयो ।

तर चिठी लेख्दालेख्दै उसलाई पनि सिरुटार जानुपर्ने कुराको सम्झना भयो र काकासँग भएको फुर्तिलो घोडा पनि सम्झ्यो । त्यसैले चिठी लेखिसकेपछि चतुरेले भन्यो । "चिठी त लेखेँ काका, तर मेरा अक्षर साह्रै नबुझिने छन् । भिनाजुलाई पढन गाह्रो पर्ला कि ?"

"त्यसो भए तिमी मेरो घोडा लिएर जाऊ । सिरुटार टाढा पनि छ, घोडामा गयौ भने आज पुग्छौ र भोलि फर्कन सक्छौ ।" काकाको कुराले चतुरे रमायो । घोडा चढ्न पाउँदा ऊ निकै खुसी हुन्थ्यो । तिनै ताका चतुरेलाई उसको सिरुटारको मीतलाई भेट्नै पर्ने काम परेको थियो । तर बाटो लामो भएकाले जाँगर गरेको थिएन । काकाको घोडा पाएपछि फुर्तीसाथ सिरुटारतिर लाग्यो ।

सिरुटार पुगेर पहिले चतुरेले काकाको ज्वाइँलाई चिठी दियो अनि बास बस्न मीतको घरमा गयो ।

"मीतज्यू, मैले नयाँ घर बनाएँ । मिस्त्रीहरूलाई ज्याला बुझाउन पैसा पुगेन । त्यसैले केही दिनका लागि पैसा सापट माग्न आएको ।" खाना साना खाएपछि सुत्ने बेलामा चतुरेले उसको मीतसँग कुरा राख्यो ।

सिरुटार मीतसँग पनि त्यतिबेला घरमा पैसा रहेनछ । उनले भने, "माफ गर्नुहोला मीतज्यू, मसँग अहिले घरमा पैसा रहेनछ । अर्को हप्ता आउनुस्, खोजिराख्छु ।"



अर्को हप्ता आउने सल्लाह गरेर चतुरे फर्क्यो ।

"चिठीको जवाफ ल्यायौ त ?" गाउँमा फर्केपछि चतुरेका काकाले सोधे ।

"काकाले जवाफ लिनु भन्नुभएकै थिएन । मलाई के थाहा ?" चतुरेले थाहै नपाए जस्तो गर्‍यो । "जवाफ लिनै पर्ने भए म गइहाल्छु नि काका ! सिरुटार पुगेर आउँदा थाकेको छु । दुईचार दिन थकाइ मेटौँ ।"

अर्को हप्ता एकाबिहानै चतुरे काकाको घरमा पुग्यो । चतुरेलाई देख्नेबित्तिकै काकाले चिठीको कुरा सम्झे । चतुरे अघिल्लो हप्ता जस्तै काकाको घोडा कुँदाउँदै सिरुटारतिर लाग्यो ।

अर्को दिन सिरुटारबाट गाउँ फर्कँदा चतुरेको खल्तीमा काकाको चिठीको जवाफ मात्र थिएन - मिस्त्रीलाई ज्याला बुझाउन पुग्ने पैसा पनि थियो ।

"काका ! तपाईंलाई धेरैधेरै धन्यवाद, म तपाईंप्रति आभारी छु ।" काकालाई चिठी बुझाएर घर फर्कन लाग्दा चतुरेले उसका काकालाई भन्यो ।"चतुरेले दुईदुईपटक सिरुटार पुगेर मेरो काम गरिदियो, उल्टै मलाई धन्यवाद दिएर गयो । किन होला ?" चतुरेको बठ्याइँको छेउटुप्पो नपाएका काका निकैबेर सोचिरहे ।

# सहरको ठूलो चोर

धेरै पहिले कुनै देशमा एकजना राजा थिए । उनी जनताको सुखसुविधाको निकै ख्याल राख्दथे । त्यसैले उनी जनप्रिय थिए ।

एकपटक उनको राज्यमा चोरीका घटनाहरू घट्न थाले । राजधानीमै पनि चोरी बढ्न थाल्यो । राजधानीमै त्यसरी चोरी बढ्न थालेपछि राजालाई जनताले के भन्लान् भन्ने लाग्यो । त्यसैले राजाले घोषणा गरे :

"सहरको चोर पत्ता लगाउनेलाई सरकारी ढुकुटीबाट एकहजार चाँदीका सिक्का पुरस्कार दिइनेछ ।"

संयोग नै भनौं चतुरे पनि त्यही सहरमा बस्दथ्यो । अर्को संयोग के पर्‍यो भने राजाले पुरस्कारको घोषणा गरेकै भोलिपल्ट चतुरेको बाकसको साँचो हरायो ।

चतुरेको भनाइअनुसार साँचो हराएको बाकसभित्र एउटा पुरानो बत्ती थियो । त्यसैले उसले सहरबासीलाई एकै ठाउँमा जम्मा गरेर उसको एउटा पित्तलको महत्त्वपूर्ण पानसबत्ती भएको बाकसको साँचो हराएको कुरा सुनायो ।

"त्यो पित्तलको पानस पनि कसरी महत्त्वपूर्ण भयो ?" - भिडबाट कसैले सोध्यो ।

"त्यो त मलाई पनि थाहा छैन । तर बत्तीसँगै एउटा बन्द चिठी छ । बत्ती र त्यो बन्द चिठी नखोली भोलिसम्म राजालाई पुर्‍याउन सके आधा राज्य पाइन्छ रे । तर मेरो दुर्भाग्य बत्ती भएको बाकसको साँचो हराएको छ । कसैले साँचो भेट्टाएर दिनुभयो भने उचित पुरस्कार दिनेछु ।"

उसको बाकसको साँचो त भेटिएन तर त्यसै रात उसको बत्ती भएको बाकस भने चोरियो ।

अर्को दिन कुनै सहरबासीले चतुरेको बाकसभित्रको बत्ती र चिठी लगेर राजालाई दियो । राजालाई दिएको बत्तीसँगैको बन्द चिठीमा लेखिएको थियो -



*न्यायप्रेमी सरकार !*

*सरकारको यो सहरको चोर पत्ता लगाउने सदिच्छा पूरा गर्न मैले एउटा जुक्ति सोचेँ । सोचेको जुक्तिअनुसार मैले हिजो सहरमा प्रचार गरेँ :*

*"मेरो बाकसमा एउटा बत्ती र बत्तीसँगै एउटा चिठी छ । त्यो बत्ती र चिठी नखोली भोलिसम्म राजा समक्ष पुऱ्याउन सके आधा राज्य पाइन्छ रे । तर दुःखको कुरा त्यो बाकसको साँचो हराएको छ । कसैले साँचो भेटेर दिनुभयो भने राम्रो पुरस्कार दिनेछु ।"*


*मेरो प्रचार सुनेर यो बत्ती र चिठी लिएर आउनेले मेरो बाकस चोऱ्यो र बत्ती र चिठी लिएर हजुरकहाँ आएको छ । अहिले सरकारका अगाडि उभिएको यो मानिस सहरको ठूलो चोर हो । सरकार ! आवश्यक कार्यवाहीका लागि अनुरोध गर्दछु ।*

*सरकारको भक्त*
*चतुरप्रसाद*

त्यसको भोलिपल्टै राजाले सहरमा ठूलो सभाको आयोजना गरे । भेलामा राजाले चोर समाउने चतुरेको जुक्तिबारे सबै कुरा सुनाए । त्यही सभामा राजाले चतुरेलाई पुरस्कार स्वरूप एकहजार चाँदीका सिक्का दिए । चोरलाई अपराधअनुसारको दण्ड मिल्यो ।



# पिपल छायाको कारोबार



धेरै पहिले कुनै गाउँमा एउटा धनी मानिस बस्थ्यो । उसको नाम धनीराम थियो । उसले बाटाको छेवैमा ठूलो घर बनाएको थियो । उसको घरनजिकै पिपलको राम्रो चौतारी थियो । चौतारीबाट वरिपरिका रमाइला दृश्यहरू देख्न सकिन्थ्यो । गर्मीको बेला चौतारीको छायामा बसेर शीतल हावा खान निकै रमाइलो हुन्थ्यो । त्यसै कारणले धनीरामले त्यो चौतारी खुबै मन पराउँथ्यो ।

गर्मी महिनाको कुनै एक दिन धनीराम शीतल ताप्न चौतारीमा पुग्यो । धनीराम त्यहाँ पुग्दा कुनै अर्को मानिस चौतारीमा पुगेर पहिलेदेखि नै बसिरहेको थियो । चौतारीमा कुनै अर्कै मानिस बसेको देखेर धनीरामलाई रिस उठ्यो । उसलाई त्यहाँ अरू मानिस बसेको मन परेन ।

चौतारीमा भेट भएपछि धनीराम र चतुरेबीचमा भएका कुराकानी यस्ता थिए ।

"तिमीलाई यो चौतारीमा कसले बस्नु भन्यो ?"- धनीराम ।

"चौतारी राम्रो लाग्यो र म आफैँ बसेँ ।" - चतुरे ।

"राम्रो लाग्यो भन्दैमा अरूको चौतारीमा बस्न पाइन्छ ?"

"यो चौतारो तपाईंको हो र ?"

"हो यो मेरो चौतारो हो ! मेरो स्वीकृतिबिना अरूलाई यहाँ बस्न मनाही छ ।

"साह्रै गर्मी छ, मलाई एकछिन बस्न दिनुहोस् न ।"

"यो चौतारीमा मबाहेक अरू बस्न पाउँदैन ।"

वास्तवमा चौतारी धनीरामको थिएन । त्यो चौतारी साझा थियो । त्यो चौतारी धेरै पहिले गाउँलेहरू मिलेर बनाएका थिए । चतुरेलाई पनि यो कुरा थाहा थियो तर उसले प्रतिवाद गर्न उचित ठानेन र आफ्नो बाटो ततायो ।

धनीरामको कुराले चतुरेको चित बुझेको भने थिएन । "साझा चौतारीमा पनि बस्न नपाइने ?" उसको मनमा यो प्रश्न उठिरह्यो ।

अर्को दिन पनि चतुरे चौतारीमा गएर बस्यो । धनीराम आएर अघिल्लो दिनको जस्तै उसलाई हकार्ने सुरमा थियो । त्यत्तिकैमा चतुरेले भन्यो -

"मलाई देखेर तपाईं रिसाउनुभयो होला तर आज म अर्कै कामले आएको छु ।"

"अर्कै काम रे, कस्तो अर्कै काम ?"

"मलाई यो चौतारीको बरपिपलको छाया असाध्यै मन पऱ्यो ।"

"तर मन परेर के गर्ने ! यो चौतारी मेरो हो ।"

"ठीकै छ, चौतारी कसको हो भन्नेबारेमा मलाई केही भन्नु छैन । तर बेच्नुहुन्छ भने म पिपलको छाया मात्र किन्न चाहन्छु । यही कुरा राखौँ भनेर आएको ।"

धनीराम धनी मात्र थिएन लोभी पनि थियो । छाया किन्ने कुराले ऊ निकै खुसी भयो किनभने चौतारी उसको थिएन । अर्को कुरा चतुरे छाया मात्रै किन्न खोजेको थियो, पूरै चौतारी किन्न त खोजको थिएन । त्यसैले छाया किनवेच गर्ने कुराको सहमति भयो । दिनभरिको छलफल पछि छायाको मोलतोलको टुङ्गो लाग्यो । चतुरेले मोल भुक्तान गऱ्यो । सर्तनामा लेखियो र दुवैले एकएकप्रति सर्तनामा राखे । छाया किनबेचको सबै कार्य सकियो ।

छायाको कारोबारपछि चतुरेलाई चौतारीमा जान कुनै अप्ठेरो रहेन । ऊ मन लागेको वेला

जान्थ्यो, अघाउन्जी चौतारीमा बस्थो । केही दिनपछि एकदिन चतुरे धनेसाहुको आँगनमा पुगेर बस्यो ।

"ए चतुरे मेरो आँगनमा किन आएको ?" धनीरामले रिसाउँदै सोध्यो ।

चतुरेले जवाफ दियो, "वरपिपलको छाया तपाईंको आँगनमा छ, त्यसैले म छाया ताप्न आएको ।"

धनेसाहु झस्कियो - "हो त नि ऊसँग छाया परेको ठाउँमा बस्न पाउने त सहमति नै भएको छ । त्यतिवेला पनि त मेरो आँगनमा छाया थियो होला तर मैले मेरो आँगनमा पनि छाया पर्न सक्छ भन्ने कुरा किन सोच्न सकिनँ ।"

धनेलाई तुरुन्तै सम्झना भयो त्यो दिन बादल लागेको थियो । छिटपुट पानी पनि परेको थियो । त्यसैले सम्झौतापत्र लेख्दा धनेको घरभित्र बसेर लेख्नुपरेको थियो । धनीरामले चतुरेको चलाखी बुझ्यो । तर काम बिग्रिसकेपछि चलाखी बुझेर के गर्ने ? धनेले मन बुझाउन प्रयास गऱ्यो "भैहाल्यो चिन्ता गरेर के हुन्छ र ? छायाको मोल पनि त राम्रै लिएको छु ।"



तिनै ताका धनीरामकी छोरीको बिहेको कुरा छिनियो । बिहेको दिन बिहानै दुलाहाको तर्फबाट आएका जन्तिहरू धनीरामका आँगनमा टनाटन भरिए । बिहेको रमझममा धनी रामको घर बिछट्टै रमाइलो थियो ।

अर्कोतिर चतुरे पनि आफ्नै योजनामा जुटेको थियो । उसलाई धनीरामले चौतारीमा एकछिन पनि बस्न नदिएको पटक्कै मन परेको थिएन । अर्को कुरा धनीराम घमन्डी पनि थियो । गाउँलेहरूप्रतिको धनीरामको घमन्डी व्यवहार पनि चतुरेलाई मन पटक्कै परेको थिएन ।

बिहेको रमझम चलिरहेको वेला चतुरे, उसका छिमेकी र दर्जनौं गाईवस्तुको हुल विवाह मण्डपमा पुग्यो । गाईवस्तुको हुल विवाहको रमझमले तर्सियो । गाईवस्तु बाँबाँ र बुँबुँ गर्दै यताउता दौडन थाले ।

त्यति मात्र नभएर चतुरेको हुल बैठक, भान्साघर, पाहुनाकोठा जहाँजहाँ पिपलको छाया पुगेको छ त्यहींत्यहीं मनखुसी घुम्न थाले । बिचरा धनीरामसँग लाजले रातोपिरो हुनुबाहेक अरू उपाय थिएन ।

जन्तीहरू आश्चर्यमा परे । विवाह मण्डपमा त्यस्तो खैलाबैला मच्चिएको देखेर जन्तीहरू चतुरेसँग रिसाउन थाले । जन्ती रिसाउन थालेको देखेर चतुरेले भएको सबै कुरा जस्ताको तस्तै राख्यो । उसले धनीरामसँग भएको सहमतिपत्र पनि देखायो । चतुरेको कुरा सुनेर जन्तीहरू रिसाउनुको सट्टा रमाइलो मानेर पेट मिचिमिची हाँस्न थाले । धनीराम लाजले भुतुक्कै भयो ।

त्यसपछि धनीरामले विचार गऱ्यो त्यो गाउँमा बस्नु ठीक छैन । त्यसैले ऊ अर्को गाउँमा बसाइँ सऱ्यो । पिपल चौतारी पहिले जस्तै गाउँलेको भेटघाट, छलफल, सरसल्लाह गर्ने, आराम गर्ने ठाउँ भयो । त्यहीं चौतारीमा बसेर गाउँलेले धनीरामको आधा घरलाई पाहुनाघर बनाउने र आधा घरमा चतुरे बस्ने सल्लाह गरे ।

"तर अरूको घरमा म कसरी बस्ने ? मैले धनीरामलाई पाठ मात्र सिकाउन खोजेको हुँ, उसको घरमा बस्न खोजेको होइन ।" चतुरेले असहमति जनायो ।

"यो घर र चौतारी तिम्रो बुद्धिले प्राप्त भएको हो । यो घरमा गाउँलेको पनि प्रशस्त परिश्रम भिजेको छ । फेरि तिम्रो घर पनि त छैन, धनीरामसँग पिपलको छाया किन्दा तिमीले तिम्रो घर बेचिसकेका छौ । त्यसैले तिमीले यो घरमा बस्न अप्ठ्यारो मान्नुपर्दैन ।" गाउँलेहरूले भने ।

चतुरे गाउँलेको सल्लाहमा सहमत भयो । उसले पिपल चौतारी र पाहुनाघरको मरम्मत सम्भार गर्ने जिम्मा पनि लियो ।

# देख्ने अन्धो

चतुरेको छिमेकमा एउटा परिवार थियो । परिवारमा दुई दाजुभाइ थिए । जेठो दाजुकी श्रीमती पनि थिइन् । दुई दाजुभाइको सम्बन्ध राम्रै थियो, तर भाइजूले देवरलाई मन पराउँदिनथिन् । भाउजूको सोचाइमा देवर हुनुभन्दा नभएको भए राम्रो हुन्थ्यो ।

त्यसैले उनी सधैँ नजिकैको मन्दिरमा गएर प्रार्थना गर्थिन्, "भगवान्, मेरो देवरलाई अन्धो बनाइदेऊ । तिमीले उसलाई अन्धो मात्र बनाइदियौ भने त्यसपछि के गर्नुपर्छ मलाई थाहा छ ।"

एकदिन कान्छो भाइलाई उत्सुकता जाग्यो, "भाउजू सधैँ मन्दिरमा गएर केका लागि पूजा गर्छिन् ?" त्यसैले एकपटक ऊ भाउजूले थाहा नपाउने गरी उनको प्रार्थना सुन्न पछिपछि मन्दिरतिर गयो ।

उसले भाउजूको प्रार्थना सुन्न मन्दिर पछाडि बसेर कान थाप्यो । जब उसले भाउजूको प्रार्थना सुन्यो, ऊ चकित पऱ्यो । जे भए पनि भाउजूले त्यति साह्रो नराम्रो गर्छिन् भन्ने उसलाई लागेको थिएन ।



मन्दिरबाट घर फर्कंदा कान्छो भाइको चतुरेसँग भेट भयो । उसलाई दुःखी र निरास देखेर चतुरेले त्यसको कारण साध्यो । भाइले भएको सबै व्यहोरा बतायो र भाउजूको दुष्टताबाट बच्ने उपाय बताइदिन पनि चतुरेसँग अनुरोध गऱ्यो ।

चतुरेले भन्यो, “आज म विचार गर्छु, त्यसको उपाय म भोलि बताउँला ।”

अर्को दिन चतुरेले बताएको उपायअनुसार कान्छो भाइ भाउजू मन्दिर जानुभन्दा पहिले नै मन्दिरपछाडिको रूखको टोडकामा लुक्यो । उसकी भाउजूले सधैँझैँ भगवान्सँग अन्धो बनाउने प्रार्थना सिध्याइन् । त्यसपछि उसले आफ्नो आवाजलाई भाउजूले नचिन्ने गरी भन्यो, “तिम्रो देवरलाई एक महिनासम्म मीठोमीठो खानेकुरा दियौ भने ऊ अन्धो हुन सुरु गर्नेछ र तीन महिनाभित्र केही पनि देख्न नसक्ने गरी पूरै अन्धो हुनेछ ।”

त्यसपछि उसले रूखको टोँड्काबाट परेवा उडाइदियो । भाउजूलाई लाग्यो त्यो परेवा त्यही भगवान् हो जसले देवरलाई अन्धो बनाउने उपाय बताएको थियो । भाउजूले परेवालाई नमस्कार गर्दै भनिन्, “भगवान्को जय होस् !”

त्यसको भोलिपल्टदेखि भाउजूले देवरलाई मीठोमीठो खानेकुरा दिन थालिन् । बासमतीको सुगन्धित चामलको भुजा, माछामासु र मीठोमीठो तरकारी; त्यो पनि दिनको तीनतीनपटक, कान्छाको अनुहार फेरिन धेरै दिन लागेन ।

एक महिना पुगेकै दिन भाइले दाजुसँग भन्यो, “दाजु मैले धमिलो देख्न थालेँ किन होला ?” भाइले यो कुरा भाउजूले सुन्ने गरी भनेको थियो । उद्देश्य पूरा हुन लागेको देखेर भाउजू मख्ख परिन् । उनी बिहानदेखि साँझसम्म मीठो खाना बनाउन व्यस्त रहन थालिन् ।



देवर पनि बेलाबेला आँखा कमजोर हुँदै गएको कुरा दोहोऱ्याउँथ्यो । देवरको आँखा कमजोर हुँदै गएको कुराले भाउजूको मीठो खाना बनाउने जाँगर अझ बढाउँथ्यो ।

“अब त म केही पनि देख्न सक्दिनँ ।” तीन महिनापछि भाइले भन्यो । दुवै जनाले उसले नसुन्ने गरी ताली बजाए । दुवै जनाले सल्लाह गरे, “अब यसलाई बाटोबाट पन्छाउनुपर्छ । यसलाई पन्छायौ भने यसको सम्पत्ति पनि हाम्रै हुन्छ ।”

एकदिन अन्धाले भन्यो, "दिउँसो तपाईंहरू बाहिर जानुहुन्छ । मलाई भुस्याहा कुकुरले सताउँछन्, एउटा बलियो लौरो ल्याइदिनुस् न ।"

"अव कति नै बाँच्न पाउलास् र ?" उनीहरूले एउटा बलियो लौरो खोजेर भाइलाई दिए । उनीहरूको योजना उसलाई बाँधेर नजिकैको भिरबाट खसाउने थियो ।

एकदिन उसकी भाउजू उसलाई बाँध्न डोरी लिएर उसको नजिकै पुगिन् अन्धो बनेको देवरले भाउजूको योजना बुझेको थियो । ऊ अन्धो भएको थिएन, उसले अन्धो भएको वहाना मात्र पारेको थियो । त्यसैले भाउजू नजिकै आएको मौका पारेर अन्धाले भएभरको बल लगाएर भाउजूको पिठ्युँमा लौरो बजायो ।

तीनतीन महिनासम्म वसीवसी खाएको मीठो खानाको बल लगाएर वजारेको लौरोको चोटले भाउजू अचेत भएर लडिन् । अन्धो चिच्यायो, "ए दाजुभाउजू ! बाहिर आउनुस्-आउनुस् !! मैले एउटा कुकुरलाई भुतुक्कै पारेँ ।"


दाजु बाहिर आएर हेर्छ त श्रीमतीको विजोग ! दाजुले श्रीमतीको विजोग मात्र देखेन, भाइको चतुऱ्याइँ पनि बुझ्यो ।

त्यसपछि दाजुले भाइसँग माफी माग्दै भन्यो, "भाइ हामीलाई माफ गर, अव कहिल्यै पनि तिम्रो कुभलो सोच्नेछैनौँ ।"

उनीहरूको कल्याङवल्याङ हल्ला सुनेर छिमेकी चतुरे पनि त्यहिँ आइपुग्यो । आफ्नो बुद्धिको चमत्कार देखेर ऊ आफैँ रमाइरहेको थियो ।



# दुई पण्डितको कथा



"पण्डितजीहरू दुवैलाई नमस्कार !"

चतुरेको घरअगाडिको बाटोबाट दुईजना पण्डित कतै जाँदै थिए। उनीहरूलाई देखेर चतुरेले नमस्कार गऱ्यो।

"कता जाँदै हुनुहन्छ ?" चतुरेले सोध्यो !

"पल्लो गाउँमा पुराण सुनाउन जाँदै छौं।" पण्डितले जवाफ दिए।

"खाना खानुभएको छैन होला, गाउँ अझै टाढै छ। यतै भान्सा गरेर जाँदा राम्रो होला कि !"

चतुरेको कुरा पण्डितहरूलाई पनि बेसै लाग्यो। उनीहरू चतुरेकहाँ खाना खाने कुरामा सहमत भए। चतुरेको श्रीमती माइतीमा गएकी थिइन। पण्डितहरूलाई चोटामा बसाएर चतुरे खाना तयार गर्न लाग्यो।

चतुरेको घरनजिकै सफा पानीको खोलो थियो। एकजना पण्डित नुहाउन खोलातिर लागे।

"पण्डितजी ! तपाईंहरू निकै विद्वान् हुनुहुन्छ हगि ? जसले पनि धार्मिक कर्मकाण्डमा तपाईंहरूलाई नै खोज्छन् ।" चतुरेले खानाको तयारी र पण्डितसँगको गफगाफ दुवै भ्याइरहेको थियो ।

नुहाउन नगएका पण्डितले चतुरेलाई जवाफ दिए, "त्यो नुहाउन गएको पण्डित नाम मात्रैको पण्डित हो। त्यसलाई एउटा श्लोक पनि शुध्दसँग उच्चारण गर्न आउँदैन, मेरो भरमा पण्डित बनेको छ। त्यो गधा हो गधा ! बुझिस् चतुरे ?"

एकछिनपछि नुहाउन गएका पण्डित नुहाएर फर्किए र अर्का पण्डित नुहाउन गए। त्यही मौका पारेर कुरै कुरामा नुहाइसकेका पण्डितले पनि चतुरेसँग नुहाउन गएका पण्डितलाई

केही नजान्ने, सोझासाझालाई ठग्न मात्र सक्ने र उसैको भरमा मात्र कर्मकाण्ड गर्न सक्ने कुरा सुनाए । उनले पनि चतुरेसँग कुरा गर्दा वेलावेला नुहाउन गएका पण्डितलाई गधा भने ।

एउटै गाउँमा बस्ने, कर्मकाण्ड, सप्ताह-पुराणमा सँगसँगै हिँड्ने तर एकले अर्कालाई मान्छे नगन्ने र मौका पारेर अर्काको कुरा काट्ने ती पण्डितहरूको बानी चतुरेलाई पटक्कै मन परेन ।

पण्डितहरूको नुहाइधुवाइ र पूजापाठ सकिएपछि चतुरेले भन्यो-

"भान्सा तयार भयो, खाना खान आउनुहोस् ।"

बिहान सबेरैदेखि केही नखाई लामो बाटो हिँडेका पण्डितहरू भोकाएका थिए । चतुरेको उनीहरूप्रतिको श्रध्दा देखेर उनीहरूले सोचेका थिए, चतुरेले पक्कै पनि मीठो खाना बनाएको होला । पण्डितहरू मुख मिठाउँदै भान्सातिर लागे ।

पण्डितहरू धोती फेरेर खाना खान पिर्कामा बसे ।

लौ फसाद ! चतुरेले खाना त ल्यायो तर ठूल्ठूला बाटामा कलिलो र हरियो घाँस र थोरथोरै भिजाएको चना र भुस !

"हाम्रो यत्रो बेइज्जती ! हामी तँलाई श्राप दिन्छौं ।" दुवै पण्डित रिसले आगो भए ।

चतुरेले शान्त स्वरमा भन्यो, "पण्डितजीहरू ! नरिसाउनुहोस्, मैले त तपाईंहरूले लाए । अह्राएको काम मात्र गरेको हुँ । दुवैले एकअर्कालाई गधा भन्नुभयो, मैले त्यहीअनुसारको खाना ल्याइदिएँ । भन्नुस् यसमा मेरो के दोष छ ?"

ती पण्डितहरूले न केही बोल्न सके न त एकअर्कालाई हेर्न नै ।

चतुरे भने पण्डितहरूले नदेख्ने गरी मरीमरी हाँस्यो ।



# खेतको पहाड



चतुरेको छिमेकी गाउँमा एकजना जमिन्दार बस्दथ्यो । जमिन्दारको गाउँको पुछारमा ठूलो फाँट थियो । त्यो फाँटको आधा खेत जमिन्दारको थियो । तर जमिन्दारलाई एउटा समस्या थियो । जमिन्दारको खेतमा स-सानो पहाडजस्तो देखिने ठूलो ढिस्को थियो । जमिन्दार त्यो पहाडलाई सम्याउन चाहन्थ्यो तर पहाड सम्याउँदा लाग्ने खर्च देखि भने डराउँथ्यो ।

एकदिन जमिन्दार खेतसँगैको बाटोमा बसेर त्यही पहाडबारे सोच्दै थियो, टुप्लुक्क चतुरे पुग्यो ।

"के सोच्दै हुनुहन्छ जमिन्दार बा ?"

"यो खेतको पहाड कसरी पन्छाउन सकिएला ? यही धुनमा छु चतुरे बाबु !" जमिन्दारलाई चतुरे चलाख छ भन्ने थाहा थियो । त्यसैले उमेरमा चतुरे जमिन्दारभन्दा धेरै कान्छो भए पनि अरूलाई जस्तो हेपेर कुरा गर्दैनथ्यो ।

"यसको चिन्ता नगर्नुस्, यो पहाड पन्छाउने जिम्मा मेरो भयो ।" एकछिन सोचेर चतुरेले भन्यो ।

"कसरी पन्छाउँछौ ?"

"यसमा तपाईंले चिन्तै नगर्नुस् जमिन्दार बा । कसरी पन्छाउने भन्ने कुरा मेरो जिम्मामा छोडिदिनोस् ।"

"अनि कति लिन्छौ त पहाड पन्छाएको ?"

"यत्ति कामको पनि केको पैसा, त्यो पनि आफ्नै गाउँको मान्छेसँग तपाईंले एकपैसा दिनुपर्दैन ।"

मानौँ पहाड पन्छाउनु वरको सिन्को पर सार्नु हो । जमिन्दार खुसी भयो ।

"अनि कहिले पन्छाउने त यो पहाड ?"

"भोलि नै पन्छाउँदा पनि हुन्छ, तर मैले हिजो मात्र खेतीपातीको काम सकेँ । केही कमजोर भएको छु । केही दिन अलि तागतिलो खाना खएर बलियो हुन्छु, अनि पन्छाउँला हुन्न ?"

"तिमी आजैदेखि मेरो घरमा आऊ । तिम्रा लागि खानेबस्ने सबै व्यवस्था म गर्छु ।" सस्तोमा पहाड पन्छिने कुराले जमिन्दार हुनसम्म खुसी भयो । त्यसै दिनदेखि नै चतुरे जमिन्दारको घरमा बस्न थाल्यो । जमिन्दारको मेजमानीमा मीठोमीठो खानाले हप्ता दिनभित्रै चतुरेको रङरूप फेरियो ।

"अब त पहाड पन्छाउने कि ?" - चतुरे जमिन्दारको घरमा बसेको सय दिन पुगेपछि एकदिन जमिन्दारले चतुरेका अगाडि कुरा राख्यो ।

"म भोलि नै पहाड पन्छाउँछु, यसलाई लगेर रानीवनको पैरोमा राख्ने विचार गरेको छु । खेत पनि सफा हुने, पैरोमा पनि हरियाली भरिने ।" चतुरेले तुरुन्तै जवाफ दियो । "बरू पहाड पन्छाएको हेर्न गाउँलेहरूलाई पनि खबर गर्नुहोस् ।"

अर्को दिन बिहान टन्न खाजा खाएर चतुरे खेततिर लाग्यो । खेतमा पुग्दा गाउँलेहरू पनि रमिता हेर्न खचाखच थिए ।

चतुरेले दुईओटा केराका पात मगायो । ऊ दुईओटा हात घुँडामा राखेर घोप्टो पर्‍यो । केराका पातलाई उसको पिठ्यूँमा राख्न लगायो । पिठ्यूँमा केराका पात राखिसकेपछि गाउँलेहरूलाई भन्या, "लौ गाउँले दाजुभाइहरू हो ! त्यो पहाड उठाएर मेरो पिठ्यूँमा राख्नुस् ! अनि म यसलाई अहिल्यै रानीवनको पैरोमा पुर्‍याएर राख्छु ।"

त्यसपछि मात्र जमिन्दार र गाउँलेहरूले थाहा पाए उनीहरूलाई चतुरेले उसको अर्को चर्तिकलामा फसायो ।

"यसपटकको खेतीपातीको थकाइ राम्रै गरी मेटियो ।"

- चतुरे मनमनै हाँस्दै घरतिर लाग्यो ।

# लौ पऱ्यो फसाद्



एकदिन काम विशेषले चतुरे कतै जाँदै थियो । बाटामा उसले तीनजनालाई भेट्यो । उनीहरू तीन भाइ थिए । चतुरे र ती तीन भाइ सँगसँगै एउटै बाटो लागे ।

चतुरे नयाँनयाँ कपडा लगाएर चिटिक्क परेको थियो । ती तीन भाइले सल्लाह गरे - "कुनै तरिकाले यसका नयाँ कपडा फुत्काउनुपर्छ ।"

साँझको बास चतुरे पनि ती तीन भाइसँग बस्यो । खानासाना खाएर उनीहरूले सुत्ने सुरसार गर्न थाले ।

त्यसै वेला एक भाइले प्रस्ताव राख्यो - "रात लामा छन् । हामीलाई जसरी पनि रात बिताउनु छ । त्यसैले हामी आफ्नाआफ्ना कथा सुनाऔं । जसले अपत्यारिलो कथा भन्न सक्छ - त्यसैको जित हुनेछ, जित्नेले भनेको कुरा अरू तीन जनाले मान्नुपर्नेछ ।"

दुई भाइले तुरुन्त स्वीकार गरे किनभने यो प्रस्ताव ती तीनै भाइको सल्लाहले राखिएको थियो ।

"तिम्रो के विचार छ चतुरे ?" एक भाइले चतुरेलाई सोध्यो ।

"ठीक छ, मेरो पनि सहमति छ तर पहिले तपाईंहरूले आफ्ना कथा सुनाउनुहोस्, अनि म सुनाउँला ।" चतुरेको सहमति सुनेर ती तीनै भाइ खुसी भए ।

त्यसपछि जेठो भाइले आफ्नो कथा भन्न सुरु गऱ्यो, "म जन्मेको दिनको कुरा हो । आमाले बुबालाई घरअगाडिको ठूलो आँपको रूखबाट आँप टिपिदिनुहोस् भन्नुभयो । बुबाले अल्छी गर्नुभयो । अनि म गएर दुई टोकरी आँप टिपेँ । सबैले मज्जासँग खायौँ । जन्मेकै दिन छोराले आँप टिपेर खान दियो भनेर आमा निकै खुसी हुनुभयो ।"

सबै भाइले चतुरेलाई हेरे । जेठो भाइको कुरा पत्यारिलो त थिएन तर उसको कुरा नपत्याउनुको अर्थ उसको जित हुन्थ्यो । त्यसैले चतुरेले जवाफ दियो - "हुन सक्छ ।"

दोस्रो भाइले भन्यो, "मेरो उमेर एकहप्ता मात्र भएको थियो, नजिकैको जङ्गलमा बुबासँग सिकार खेल्न गएँ । बुबाले ठूलो बाघ देखेर गोली चलाउनुभयो । तर गोली बाघको खुट्टामा मात्र लाग्यो । बाघले बुबालाई झम्टेर मार्ने आँटेको थियो - मैले बाघलाई समाएर छिन्नभिन्न पारेर मारेँ । मैले कमिजभित्र लगाएको बनियन त्यही बाघको छालाको हो ।"

"खै बनियन हेरूँ ।" चतुरेले यो कुरा भनेन किनभने यसको अर्थ उसको कुरा अपत्यारिलो हुन सक्थ्यो । अपत्यारिलो हुनुको अर्थ कथा भन्नेको जित हुन्थ्यो ।

त्यसपछिको कथा भन्ने पालो कान्छो भाइको थियो । कान्छो भाइ पनि के कम थियो र ! उसले कथा भन्न सुरु गऱ्यो, "मेरो उमेर एक महिना पनि पुगेको थिएन, एकपटक म साथीहरूसँग माछा मार्न समुद्रमा गएँ । तर आधा दिन बितिसक्दा पनि हामीले एउटा पनि माछा समाउन सकेनौँ । अनि म समुद्रमा डुबेँ । लगातार चार घण्टासम्म डुबेपछि समुन्द्रको पिँध भेटेँ । त्यहाँ एउटा पहाड जत्रो विशाल माछा थियो । मैले एक मुक्का दिएको त माछो खुत्रुक्कै ।

मलाई असाध्यै भोक लागेको थियो । मैले त्यही समुन्द्रको पिँधमै एक थुप्रा सुकेका दाउरा खोजेँ । त्यो विशाल माछालाई आगोमा पोलेँ । माछाले टन्न अघाएपछि मात्र बाहिर आएँ ।"

"हुन सक्छ समुद्रका ठूलाठूला माछा समुद्रको पिँधमै बस्छन् ।" चतुरेले कान्छो भाइको पत्याउनै नसकिने कुरामा पनि अविश्वास गरेको देखाएन ।





त्यसपछिको कथा सुनाउने पालो चतुरेको थियो । चतुरेले आफ्नो कथा सुरु गऱ्यो - "मैले तपाईंहरूले जस्तो अचम्मलाग्दा काम गर्न सकिनँ । तर धेरै वर्ष पहिले म कपासको खेती गर्थें । एकपटक अचम्म भयो - मैले कपास टिप्दाटिप्दै कपासको एउटा दानामा कपासको सट्टा तीन जना मानिस भेटें । ती मानिस साना मात्रै थिएनन्; साह्रै साना थिए - केवल माहुरी जत्रा मात्र । मैले तिनीहरूको पालनपोषण गरें । ती मानिस हुर्कंदै गए । एक वर्षभित्रै तिनीहरू खेतीपाती गर्न सक्ने भए । खुसीको कुरा के थियो भने तिनीहरूले मलाई कपास खेतीमा सघाउँथे । तर उनीहरूसँग खुसीको कुरा मात्रै थिएन, तिनीहरू अल्छी र वेलावेला काममा ठग्न खोज्थे । वेलावेला तिनीहरूको पिठ्युँमा लट्ठी नबर्साए कामै गर्दैनथे ।

एकपटक म काम विशेषले बाहिर गएको थिएँ । त्यही मौका पारेर तिनीहरू भागेछन् । ती अल्छी र ठगभगुवा अरू कोही नभएर तिमीहरू नै हौ । तिमीहरूलाई खोज्दा खोज्दा हैरान परें, तर आशा भने मारिनँ । बल्ल आज तिमीरूलाई भेटें । उता कपास खेती चौपट छ । ल तिमीहरू अहिले नै हिँड ।"

लौ पऱ्यो फसाद् चतुरेको कुरा साँचो होइन भन्दा पनि चतुरेको जित हुन्छ किनभने अपत्यरिलो कुरा गर्नेको जित हुनेछ भनेर पहिल्यै सर्त राखिएको छ । साँचो हो भन्दा पनि चतुरेसँग उसको कपास खेतीमा काम गर्न जानुपर्ने ।

चतुरेको कुराले ती तीनै भाइ अक्क न बक्क परे । ती तीन भाइले एकअर्कालाई मुखामुख गरेर हेर्न थाले । तिनीहरू मनमनै भन्दै थिए, "आफूले खनेको खाल्डोमा आफैं परियो ।"

त्यतिन्जेलसम्म चतुरेले विचार गऱ्यो, "यी मोरालाई पछि लगाएर पनि के गर्ने ? खै ! गरी खालान् जस्ता देखिँदैनन् । पाल्नको मात्र हैरानी ।"

त्यसैले एकछिन पछि चतुरेले भन्यो, “तर एउटा सर्त मान्छौ भने तिमीहरूलाई छोड्न सक्छु ।”


भन चतुरे तिम्रो सर्त के हो ?’ तिनै भाइमा केही आशा पलायो ।

“तिमीहरूले लगाएका कपडा दिन्छौ भने तिमीहरूलाई छोडिदिन्छु ।” चतुरेले भन्यो ।

चतुरेको सर्त मन्जुर गर्नै पर्ने थियो । होइन भने चतुरेको पछिपछि लागेर उसले भनेअनुसार गर्नुपर्थ्यो । त्यसैले एकै स्वरमा तीनै भाइले भने, “चतुरे ! तिम्रो सर्त हामीलाई मन्जुर छ ।”

चतुरेले ती तीन भाइ कपडाको कुटुरो बनायो । कपडाको कुटुरोलाई लौरोको एकापट्टि बाँध्यो र लौरो काँधमा राखेर आफ्नो बाटो ततायो ।

विचरा ती तीन भाइ जाडाले थुर्-थुर् ।



नानी हो ! तिमीले यो कथा पत्यायौ ? पत्यायौ भने ठीक छ । तर पत्याएनौ भने ... । पत्याएनौ भने के गर्नुपर्छ तिमीहरूलाई थाहा छँदै छ नि !, कि कसो ?

# दुङ्गे झोल



"नमस्कार बुबा !"

"नमस्कार बाबु ! कति कामले आयौ कुन्नि ?" "यसो डुलेर घर फर्कंदै गरेका, रात पर्न आँट्यो, बास पाइन्छ कि भनेर ।"

बनजङ्गल,खोला, झरना नदी हेर्दै घुम्न चतुरेलाई निकै मन लाग्थ्यो । यसपटक पनि ऊ घुमेर फर्कंदै थियो ।

चतुरेको बास माग्ने कुरा सुनेर घरबेटी बा अलमल्ल परे । बास नदिऊँ भने साँझको पाहुँना, बास दिऊँ भने उसलाई खाना दिनुपर्ने । फेरि चतुरे घरबेटी बाको चिन जानको मान्छे पनि थिएन र नातेदार पनि थिएर । त्यसैले घरबेटीबाले भने "बास त साङ्ग्रो गरौंला, केही भएन, तर खानलाई अप्ठ्रेरो छ नि त बाबु, मसँग केही छैन ।"

चतुरेले विचार गऱ्यो, "यी बूढाबा अलि कन्जुस रहेछन् । यति ठूलो घर भएर पनि खानलाई केही छैन रे ।" अनि एकछिन विचार गरेर चतुरेले भन्यो, "खानाको चिन्ता नगर्नुस्, मलाई बास मात्रै भए पनि पुग्छ ।"

झ्याउँकिरी कराउन थाले । झमक्क साँझ पर्‍यो । चिसो चिसो पनि भयो । उनीहरू घरभित्र पसेर अगेनाको आगो ताप्न थाले ।

आगो ताप्दै गर्दा चतुरेलाई थाहा भयो उसको पेटमा मुसा पनि कुद्न थालेछन् । तर घर बेटीले खाना छैन भनिसकेको छ । एकछिन विचारेर चतुरेले भन्यो, "एउटा कराही र अलिकति पानी पाइएला बुबा ?"

"केका लागि खोज्यौ कराही र पानी ?" बूढाबाले सोधे ।

"ढुङ्गाको सुप बनाउन, मसँग एउटा ढुङ्गो छ यसको साह्रै मीठो सुप बन्छ ।" दिउँसो राम्रो लागेर नदीकिनारबाट उसले एउटा ढुङ्गो ल्याएको थियो । त्यही ढुङ्गो झोलाबाट झिकेर देखाउँदै चतुरेले भन्यो ।

"के नभा'को कुरा गरेको चतुरे बाबु ? ढुङ्गाको पनि सुप बन्छ ?"

"बन्छ बुबा बन्छ, म तपाईंलाई अहिल्यै बनाएर देखाइदिन्छु । हेर्नुस् न ।

बूढाले कराही र पानी दिए । चतुरेले सफा गरेर उम्लँदै गरेको पानीमा ढुङ्गा राख्यो । "यसलाई नुन खुर्सानी चाहिँदैन बाबु ?" उत्सुकतापूर्वक सुप हेर्दै गरेका बूढाबाले सोधे । "भए त चाहिन्थ्यो, तर नभए पनि खास फरक पर्दैन ।" चतुरेले जवाफ दियो ।

"छ छ यत्रो घरमा नुनखुर्सानी पनि नहुने त कुरै भएन ।" चतुरेले सुपमा ननुखुर्सानी राख्यो । एकछिन पछि चतुरेले भन्यो । यसो त "यो सुप यसै पनि मीठो छ तर प्याज राख्न पाए अझै राम्रो हुन्थ्यो ।"

"छ चतुरे बाबु प्याज पनि छ ।"

चतुरेले सुपमा प्याज राख्यो । चतुरेले सुप पकाउन निकै मेहनत गरेजस्तो गरी डाडु चलाउँदै गर्‍यो । "अरू केही चाहिन्थ्यो कि ?" बूढाबाले सोधे ।

"खास केही चाहिँदैन, तर छ भने अलिकति सुकुटी राख्न पाए निकै मीठो हुने थियो ।"

चतुरेले अगेनामाथि सुकाएको सुकुटी देखिसकेको थियो ।

"छ बाबु छ, दसैंमा काटेको खुसीको सुकुटी बाँकी छ ।"

ढुङ्गाको सुप खान बूढाबा पनि उत्सुक देखिन्थे । उनले सुकुटी राखेको नाङ्लै चतुरेको अगाडि राखिदिए । चतुरेले सुपमा सुकुटी राख्न कन्जुस्याइँ गरेन ।

"ल बुबा चाख्नुस् त कस्तो भयो ?" आहा ! क्या मीठो, यो त भातसँग खान पाए अझै मीठो हुन्थ्यो ।"


बूढाबाले चामल झिके र आफैं भात पकाए । चतुरेको ढुङ्गाको झोल र बूढाबाको भातको संयुक्त स्वाद निकै मीठो थियो । दुवै जनाले जिब्रो पड्काउँदै पेटमा दौडेका मुसा मारें ।

अर्को दिन बिहान चतुरेले बिदा माग्दै थियो । बूढाबाले भने, "बाबु मलाई तिम्रो त्यो ढुङ्गा दिन्छौ ? हिजो साँझ पकाएको झोल खुबै मीठो लाग्यो ।"

"तर यसको सुप बनाउँदा हिजो साँझ राखेका सबै कुरा राख्ने भए मात्र दिन्छु ।" चतुरले सर्त राख्यो ।

"हुन्छ बाबु हुन्छ, म सबै राखेर मात्र ढुङ्गे सुप बनाउँला ।"

चतुरे बूढाको बुद्धि देखेर हाँस्दै आफ्नो बाटो लाग्यो । बूढाबाले पछिसम्म पनि ढुङ्गाको सुपको स्वाद लिन छोडेनन् ।



## पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं २०५७ मा प्रकाशित

## बाल सन्दर्भसामग्रीहरू

- **बाललीला**
  (कविता सङ्ग्रह) — संयोजन: बाल साहित्य समाज, नेपाल
- **अल्छीको औषधी**
  (कथा सङ्ग्रह) — गोरखबहादुर सिंह
- **टाटे-पाङ्ग्रे**
  (कथा सङ्ग्रह) — संयोजन: बाल साहित्य समाज, नेपाल
- **केही अमर मानिस**
  **(जीवनी)** — संयोजन: बाल साहित्य समाज, नेपाल
- **बाईस पाटन-त्रिपन्न ताल**
  **(हाम्रा सम्पदा)** — संयोजन: बाल साहित्य समाज, नेपाल
- **The Tales Retold**
  (Short stories) — Jagannath Awa
- **The Songs of Children**
  (Rhymes) — Collection: Bal Sahitya Samaj
- **के कसरी बन्छ ?**
  **(विज्ञान तथा वातावरण)** — विश्वम्भर चञ्चल
- **पेटमा भूत कसरी पस्यो ?**
  **(विज्ञान तथा वातावरण)** — ध्रुब घिमिरे
- **सङ्गत गुनको फल**
  (कथा सङ्ग्रह) — रमेश विकल

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**